*जयपृथ्वी नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

२०८३ साउन ०१ गते, चैनपुर, बझाङ

## कार्यक्रम प्रतिबेदन




**आयोजक**

**जयपृथ्वी नगरपालिका,**

**चैनपुर, बझाङ**

**सहजिकरण**

**नेपाल पत्रकार महासंघ**

**जिल्ला शाखा बझाङ**

*जयपृथ्वी नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

### २०८३ साउन ०१, चैनपुर, बझाङ

## कार्यक्रम प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :

नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बझाङ नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारहरूको पेशागत हकहितको प्रवर्द्धन तथा उत्तरदायी पत्रकारिताको विकासका लागि क्रियाशील जिल्लास्तरीय पेशागत संस्था हो । यस शाखाको स्थापना वि.सं.२०६४ सालमा भएको हो । स्थापनाकालदेखि नै शाखाले बझाङ जिल्लामा क्रियाशील पत्रकारहरूलाई संगठित गर्दै स्वतन्त्र, निष्पक्ष, तथ्यमा आधारित तथा जनउत्तरदायी पत्रकारिताको प्रवर्द्धनमा निरन्तर भूमिका निर्वाह गर्दै आएको छ। शाखाले पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, कार्यशाला, अन्तरक्रिया तथा अनुभव आदानप्रदान कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय सञ्चार माध्यमहरूको सुदृढीकरण र पत्रकारिताको पेशागत मर्यादा कायम राख्न सक्रिय रूपमा काम गर्दै आएको छ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बझाङले स्थानीय सरकार, सरकारी तथा गैरसरकारी संघसंस्था, विकास साझेदार, नागरिक समाज र समुदायसँग समन्वय तथा सहकार्य गरी सुशासन, पारदर्शिता, सामाजिक उत्तरदायित्व तथा नागरिक सहभागिताको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । विशेषगरी शाखाले जिल्लाका विभिन्न स्थानीय तह तथा सेवा प्रदायक निकायहरूसँग सहकार्य गरी सार्वजनिक सुनुवाइ, सार्वजनिक बहस, नागरिक संवाद, मिडिया संवाद तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत नागरिक र सेवा प्रदायकबीच प्रत्यक्ष संवादको वातावरण सिर्जना गर्ने, सेवा प्रवाहमा देखिएका समस्या तथा गुनासोहरूलाई सम्बन्धित निकायसम्म पुर्याउने, सेवा प्रदायकलाई जवाफदेही बनाउने तथा नागरिकका सुझावलाई सुधारात्मक कार्ययोजनामा समेट्न सहजीकरण गर्ने कार्य शाखाले गर्दै आएको छ। यस प्रक्रियाले स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री सेवा प्रवाहलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

यसका अतिरिक्त शाखाले मानव अधिकार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वातावरण संरक्षण तथा स्थानीय विकाससँग सम्बन्धित विषयहरूमा समाचार सम्प्रेषण, रेडियो तथा अनलाइन कार्यक्रम, जनचेतनामूलक अभियान र संवाद कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । पत्रकारहरूको पेशागत सुरक्षा, आचारसंहिता पालना तथा लोकतान्त्रिक मूल्यमान्यताको प्रवर्द्धनमा समेत शाखाले निरन्तर सक्रिय भूमिका खेल्दै आएको छ । स्थापना कालदेखि हालसम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बझाङले जिल्लामा नागरिकको सूचना पाउने अधिकार सुनिश्चित गर्दै स्थानीय लोकतन्त्र सुदृढीकरण, सुशासन प्रवर्द्धन तथा उत्तरदायी सार्वजनिक सेवा प्रणाली निर्माणमा सञ्चार क्षेत्रको अग्रणी संस्थाका रूपमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ।

## २. कार्यक्रमको पृष्ठभुमि :

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्ठपोषण पनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि-२०६७ समेत लागु भएको छ ।

नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन कार्यबिधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने ब्यवस्था छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै

जयपृथ्वी नगरपालीकाको आयोजना र नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बझाङको सहजिकरणमा जयपृथ्वी नगरपालीकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक सार्वजनिक सुनुवाई २०८३ साउन ०१ गते सम्पन्न भएको छ । सुनुवाईमा नगरपालिकाले संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि नगरपालिका सभाहलमा १२० बढी स्थानीयहरुको सहभागीतामा ***जयपृथ्वी नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

### ३. कार्यक्रमका उद्धेश्यहरु :

- नगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा नागरिकहरुलाई जानकारी गराउने ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- नगरपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने तथा पृष्टपोषण लिने ।
- नगरपालिकाका गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

### ४. सार्वर्जजनिक सुनुवाई संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

जयपृथ्वी नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

***क. सहजकर्ताको छनौट तथा सम्झौता :***

जयपृथ्वी नगरपालिकाको आ.व. २०८२/०८३ मा सार्वजनिक सुनुवाई गर्नका लागि सुनुवाई सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बझाङलाई नगरपालिकाले सहजिकरणका लागि छनौट गरेको थियो । संस्था छनौट गरे पश्चात् सुनुवाई सञ्चालनका लागि महासंघ र नगरपालिका बिच सम्झौता भएको थियो ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व नगरपालिकाका प्रतिनिधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि, २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो ।

***ग. सार्वजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :***

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारका लागि नगरपालिकामा सबैलाई सार्बजनिक सूचना गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र बितरण माईकिंग तथा पत्राचार गरिएको थियो । बिशेष गरि नगरपालिका, वडा कार्यालय मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई सुनुवाईमा आमन्त्रण गरिएको थियो भने स्थानीय सञ्चार माध्यममार्फत सूचना प्रकाशन गरिएको थियो ।

***घ. मिति, समय र स्थान निर्धारण :*** नगरपालिका र महासंघ बिच छलफल पश्चात नगरपालिका सभा हलमा २०८३ साउन ०१ गते बिहान ११:०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

जयपृथ्वी नगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको बिषयमा अनलाइन र भौतिक रुपमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

**च. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन**

जयपृथ्वी नगरपालिकाले प्रवाह गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ साउन ०१ गते सम्पन्न भएको छ । जयपृथ्वी नगरपालिकाको आयोजना तथा पत्रकार सहासंत्र नेपालको सहजिकरणमा साझाँ प्रतिबद्धतासहित सार्वजनिक सुनुवाई सम्पन्न भएको हो । कार्यक्रममा सहभागि नगरवासीहरुले सुनुवाइमा नगर क्षेत्रभित्र ठेक्का प्रक्रियाबाट संञ्चालित बिकास निर्माणका कार्यहरुमा ढिलाई भएको गुनासोका सम्बन्धमा तत्काल कार्यहरु अघि बढाई सम्झौता अबधिमा सम्पन्न गर्न निर्देशन गर्ने, शिक्षा क्षत्रेमा भएको कमिकमजोरी र सुधारका पक्षहरु, फोहर व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन लगायतका कामहरु हुन नसकेको प्रश्नहरु आएका थिए ।

त्यस्तै सत्यवादी माध्यामिक विद्यालयमा गठन भएको विद्यायल व्यवस्थापन समिति गठन पक्रिया नमिलेको, विद्यायलको सामाग्री खरिद पक्रिया नपुगेको, नगरपालिकामा छनौट हुने योजना पक्रिया नमिलेको, पालिकाले राजस्व उठाउने तर फोहोर व्यवस्थापन नगर्ने, सदरमुकाम चैनपुरमा सार्वजनिक सौचालय नभएको, निजी विद्यालयहरुको शुल्क निर्धारणमा समन्वय गर्न नसकेको, विद्यालयहरु मर्ज पक्रियागत रुपमा नएको, बाल कक्षा शिक्षकहरुको परिश्रमिक न्युन भएको, चैनपुर बजारमा दमकल हिड्ने बाटो नभएको, सिचाई खानेपानी र बाटोघाटोका समस्या लगायतका विभिन्न सार्वजनिक सरोकारका प्रश्नहरु उठेका थिए ।

उठाएका सवालहरुलाई सम्बोधन गर्दै नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र विभिन्न बिषयत शाखा प्रमुखहरुले बजेट श्रोतले भ्याएसम्म पहल गर्ने, शिक्षा क्षेत्रमा सुधारका लागि पालिकाले विभिन्न योजना र नीतिहरु कार्यान्वयन गरिरहेको, फोहोर व्यवस्थापनमा काम गरिरहेको भएपनि आम नगरबासीको साथ नपाउँदा उल्लेख्य प्रगति हुन नसकेको, नदिजन्य उत्खनन् कार्यमा अनुगमन गरि अनुगमनमा देखा परेका समस्याहरु समाधानका लागि नियमन गर्नुका साथै चैनपुरमा जिपपार्क, कोल्डस्टोर र हाटँबजारलाई थप ब्यवस्थित गरि सञ्चालनको तयारीमा रहेको, नगरपालिकाको बार्षिक कार्यक्रम बमोजिम लक्षित बर्ग उत्थान कार्यक्रम सञ्चालन गर्ने, योजनाहरु भाद्र आसोजदेखि नै कार्यान्वयन गर्ने गरि काम भइरहेको, अलपत्र परेका खानेपानी र सिचाई योजनाहरुलाई समयमै सम्पन्न गर्न सबै तहसंग समन्वय गरि काम गरिरहेको, पालिमाभित्रका ठुलाठुला योजनाहरु कार्यन्वयन गर्न संघ र प्रदेश सरकारसँग माग गर्ने, पालिका भित्र रहेका निर्माण हुने संरचनाहरुलाई अपाङ्गतामैत्री बनाउने प्रतिबद्धताहरु रहेका छन् ।

यस्तै नगरभित्र निर्माणाधिन अवस्थामा रहेका बिकास निर्माणका कामहरु अलपत्र रुपमा रहेका, कृषकहरुले सहज रुपमा मल बिउ बिजनहरु नपाईने, बसपार्क अब्यस्थित रुपमा रहेका तर त्यसतर्फ पालिकाका जनप्रतिनिधिहरुले ध्यान दिन नसकेको, नगर भित्र खानेपानिको सुबिधा नभएको, वडा भित्र सडक कालोपत्रे नभएको र गौशाला नभएको प्रश्नहरु सहभागीहरुले राखेका थिए । सहभागीहरुको प्रश्न तथा गुनासोको सुनुवाई गर्दै सरोकारवाला निकायको तर्फबाट नगरप्रमुख चेतराज बजाल, प्रमुख प्रशासकिय अधिकृत सुनिल ठकुल्ला, विभिन्न बिषयत शाखा प्रमुखहरुले प्रश्नहरुको जवाफ दिएका थिए । कार्यक्रमको

सुरुवातमा नगरपालिकाका लेखा अधिकृतले नगरपालिकाको बार्षिक आयव्यय विवरण र प्रगति विवरण सहितको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सार्बजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, संघसंस्थाका प्रतिनिधि, पत्रकार, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र अन्य सर्बसाधारणहरु गरि १०० बढिको सहभागिता रहेको थियो । पत्रकार बसन्तप्रताप सिहंले सहजिकरण गरेको सुनुवाईमा रुपक खड्काले कार्यक्रम सञ्चालन गरेका थिए भने कर्ण धामीले पालिकाबाट सेवा लिएर फर्किदै गरेका सेवाग्राहीहरुबाट संकलन गरेको बहिर्गमन प्रतिबेदन र समुदाय स्तरमा गएर गरिएको नागरिक प्रतिबेदन पत्रको नतिजा प्रस्तुत गरेका थिए ।

### तस्विरमा सुनुवाईका केही झलकहरु :





**सुनुवाईको सहजिकरण गर्दै सहजकर्ता बसन्तप्रताप सिहं बाँया तथा प्रश्नको जवाफदिदै नगर प्रमुख चेतराज बवाल दाँया ।**





**सुनुवाईमा प्रश्न गर्दै सहभागिहरु ।**



वार्षिक आयव्यय प्रस्तुत गर्दै लेखा शाखा प्रमुख तथा सहभागिहरु दाँया ।



सार्वजनिक सुनुवाईमा सहभागिहरु ।

**ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :**

सार्वजनिक सुनुवाइमा शिक्षा, स्वास्थ्य र विकास निर्माणका बिषयमा बढी प्रश्नहरु आएका थिए, सडक, ढल निर्माण, पुलपुलेसा निर्माण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिकास निर्माण, बिद्युतीय समस्या लगायतका दर्जनौं बिषयमा नगरपालिकाबासिहरुले जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

**ज. प्रतिवद्धताको जाहेर :**

सार्वजनिक सुनुवाई कार्यक्रम समापनमा नगर प्रमुख चेतराज बजालले सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरुको आधारमा सुधारको लागि साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरेका थिए । साथै नगरबासीका समस्या तथा प्रश्नहरुमा प्रतिबद्धता जाहेर गर्दै आगामी दिनमा थप सुधार गर्दै सार्वजनिक सरोकारका बिषयहरुमा आम नगरबासीलाई सम्बोधन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

**५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या :**

जयपृथ्वी नगरपालिकाको आयोजना र पत्रकार महासंघको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो ।

**सहभागिहरुको लैंगिक र जातिय उपस्थिती विवरण :**

| क.स. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | २२ | ७९ | १०१ |

## ६. जवाफदेहि बक्ताहरु :

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | चेतराज बजाल | नगरप्रमुख | जयपृथ्वी नगरपालिका |
| २. | रतन बहादुर सिहं | नगर उपप्रमुख | जयपृथ्वी नगरपालिका |
| ३. | सुनिल ठकुल्ला | प्रमुख प्रशासकिय अधिकृत | जयपृथ्वी नगरपालिका |
| ४. | डम्बर बहादुर सिहं | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर १ |
| ५. | कलक बहादुर सिहं | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर २ |
| ६. | गंग बहादुर खड्का | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ३ |
| ७. | इश्वर बहादुर खाती | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ४ |
| ८. | प्रेम थापा | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ५ |
| ९. | नरेन्द्र बहादुर सिहं | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ६ |
| १०. | शिवराज जोशी | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ७ |
| ११. | लोकेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ८ |
| १२. | गोपाल बहादुर खड्का | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ९ |
| १३. | पुष्प बहादुर सिहं | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर १० |
| १४. | सर्जन बहादुर थापा | वडा अध्यक्ष | जयपृथ्वी नगरपालिका वडा नम्बर ११ |
| १५. | उत्तरा कुईकेल | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| १६ | सुर्मा कुमारी धामी | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |

| | | | |
|---|---|---|---|
| १७ | सरस्वती कुमारी जोशी | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| १८ | धनलक्ष्मी उपध्याय | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| १९ | कमला कुमारी कामी | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| २० | लाल बहादुर सुनार | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| २१ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| २२ | लोकेन्द्र बहादुर विक | कार्यपालिका सदस्य | जयपृथ्वी नगरपालिका |
| २३ | शाखा प्रमुखहरु | शाखा प्रमुखहरु | जयपृथ्वी नगरपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाव राख्नका लागि जयपृथ्वी नगरपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय सरकार संचालन ऐन २०७४,* सार्वजनिक जवाफदहिता प्रवर्द्धन कार्यबिधि-२०७७ मा भएको व्यवस्था अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. सार्वजनिक सुनुवाइको आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गरिएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी प्रतिवद्धता जाहेर गरिएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण र सूचना टाँस गरिएको थियो ।

८. कार्यक्रम व्यवस्थापनका लागि उचित कार्य बिभाजन गरिँदा कार्यक्रम प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

१०. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

११. कार्यक्रम स्थल सबैकालागि पायक पर्ने स्थानमा भएकाले सहभागिताका लागि सहजता भएको थियो ।

## ८. सुधारका लागि सुझाब

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाइ बिदाको दिन गर्न सकेमा कार्यालयको काममा बाधा नपुग्ने देखिन्छ ।

३. सार्वजनिक सुनुवाइ कार्यक्रम चौमासिक अवधिमा गर्न सकेको खण्डमा कार्यक्रम प्रभावकारी हुने देखिन्छ ।

४. सार्वजनिक सुनुवाइ कार्यक्रममा सबै वडा तथा समुदायबाट स्थानीय नागरिकको अझ बढी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक प्रचारप्रसार तथा समन्वयलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

५. कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउन आवश्यक आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय स्रोत-साधनको पर्याप्त व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## ९. कार्यक्रमका उपलव्धिहरु :

- नगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रभावकारीताका बिषयमा सरोकारवाला र सेवाग्राही बिचमा ब्यापन छलफल भएको छ ।
- नगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न साझाँ प्रतिबद्धता गर्ने र गराउने कार्य भएको छ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बिषयमा गाँउपालिकाबासिहरुको तर्फबाट पृष्टपोषण लिने काम भएकोछ ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा प्रतिवद्धता जाहेर गर्ने काम भएको छ ।

### अनुसूची १

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

**बर्हिगमन अभिमत (Exit Poll)**

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ? | अति स्पष्ट ५०% | ठीकै ३०% | अस्पष्ट २०% |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै ३०% | ठीकै ४८% | थोरै २२% |
| ३ | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसर मैत्रीपूर्ण ७०% | ठीकै २८% | अभद्र र अमर्यादित २% |
| ४ | सेवा प्राप्त गर्न आवश्यमक सूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ? | अति स्पष्ट गरीदिए ४२% | ठीकै ४८% | अलमल्ल हुनेगरी अस्पष्ट सूचना दिए १० % |
| ५ | तपाईँले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए? | अति सजिलो तरीकाबाट समाधान दिए ४८ % | ठीकै ३०% | समाधान दिन सकेनन् २२ % |
| ६ | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएकाप्रकृया के कस्तो लाग्यो ? | अति सजिलो २६% | ठीकै ५० % | लामो र झन्झटिलो २४ % |